# ९ चर्चः जहाँ विशेष रिति र सेवाकार्यहरु हुन्छन्

*यस अध्यायको निम्ति पढ्नुहोस्:* मत्ती २८ः१९,२०, रोमी ६ः३-८, मत्ती २६ः२६-२८, यूहन्ना १३ः१-१७, १ कोरन्थी ११ः२३-२६।

*स्मरण गर्नुपर्ने पदः* "पत्रुसले जवाफ दिए, 'तपाईंहरू सबै जना आआफ्ना पापहरूबाट फर्कनु पर्दछ र येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लिनु पर्दछ। अनि तपाईंहरूको पाप क्षमा हुनेछ। तपाईंहरूले पवित्र आत्माको वरदान पाउनुहुनेछ'" (प्रेरित २ः३८)।

मूल सोचः हामीहरूको विश्वास अझ बलियो पार्न चर्चमा केहि रिति र सेवाकार्यहरू चलाउन परमेश्वरले खटाउनु भएको छ।

धेरै समाजमा विशेष विधि वा सामाजिक रितिहरू हुन्छन्। ती सामाजिक रितिहरूले मानिसहरूलाई समाजको अङ्ग बनाउँछन्। कहिले कहिले त्यसलाई परम्परा पनि भन्दछन्। कुनै संस्कारमा मानिसलाई एक तहबाट अर्को तहमा पुगेको अनुभव दिन रिति र विधिहरू अपनाउँछन्। उदाहरणमा बालकपनबाट युवाअवस्थामा प्रवेश गर्न कतिपय समाजमा कुनै न कुनै किसिमको संस्कार चलाएका हुन्छन्। (जसरी नेपालमा व्रतवन्धको संस्कार छ)। सबै समाज, जाति वा देशहरूमा ती रितिहरू एकै खालको हुन्छ भन्ने छैन। सबै सभ्यतामा भिन्ना भिन्नै चलनचल्ति वा रितिहरू हुन्छन्। तर जे भएतापनि बालक हुर्केपछि युवा भएर समाजको निम्ति जिम्मेवार नागरिक वा सदस्य होस् भन्ने ती रितिहरूका उद्देश्य हुन्। ती संस्कारहरूले हुर्किरहेका युवायुवतीहरू परिपक्क हुन सिकाउँदछन्। समाजका जिम्मेवार सदस्यहरू हुन् भनेर समाजले तिनीहरूबाट अपेक्षा गरेको हुन्छ।

इसाई समाजमा पनि विशेष रिति वा सेवागर्ने शैलीहरू अपनाएको हुन्छ। ती पवित्र रिति वा सेवागर्ने शैलीहरूले नयाँ वा पुराना विश्वासीहरूलाई इसाई समाजको अधिकारिक सदस्य भएको जनाउँछन्।

ती रिति वा सेवा गर्ने शैलीहरूले विश्वासीहरूलाई समाजको बफादारी र उपलव्धीमूलक सदस्य हुन तयार गर्दछन्। फेरि त्यहि क्रियाकलापबाट नै ख्रीष्टले कस्तो जिम्मेवार बोक्नुभएको थियो भनेर विश्वासीहरूलाई बुझाउन मद्दत गर्दछन्। यस अध्यायमा हामीले ती तिन रितिहरूको बारेमा हेर्नेछौं जसले हाम्रो विश्वासलाई मजबुत बनाउँदछ। ती हुन्ः बप्तिस्मा, नम्रताको विधि अर्थात् एक आपसको खुट्टा धुने र प्रभु भोज।

## १. पवित्र रितिहरूको नामाङ्करण (मत्ती २८:१९,२०)

प्रथम् शताव्धीका इसाईहरूका मूल बोल्ने भाषा ग्रीक अर्थात् युनानी थियो भनेर इसाई इतिहासले बताउँदछन्। इसाईहरूको पवित्र रितिलाई मिस्टेरियोन “**mysterion**" वा “रहस्यमय चलन" भनेर ग्रीक शव्दले सम्वोधन गर्दथे। तर ग्रीक भाषा चलेको चर्चको पूर्वी रोमी चर्चमा (वा हाम्रो निम्ति पाश्चत्य) ल्याटिन भाषा मूल भाषा थियो। त्यस ल्याटिन भाषा चलेको भेगमा इसाई पवित्र रिति वा चलनलाई साक्रामेन्टम **sacramentum** अर्थात् साक्रामेन्ट **sacrament** भनेर सम्वोधन गर्दथे। रोमी सिपाहींले शपथ लिने शव्दलाई साक्रामेन्टम् भन्दथे। जब उसले शपथ लिन्थ्थो तब ऊ आफ्नो हाकिमको खटनमा बस्छु घोषणा गरेको हुन्थ्यो। जब ल्याटिन भेगका विश्वासीहरूले इसाई रितिलाई सम्वोधन गर्न साक्रमेन्ट शव्द प्रयोग गरेका थिए तब ती रितिलाई ठिक रूपमा वयान गरिएको विश्वास गरेका थिए। जब समय बितिन्दै गयो तब त्यस साक्रमेन्ट शव्द, मानिसभित्र भएको अदृष्य शक्तिको कामलाई परिभाषा दिन चलाउन थाले। विभिन्न सातवटा इसाई रिति वा चलनलाई मध्यकालिन युगका (छ देखि पन्द्रह शताव्धी) चर्चले साक्रमेन्टस भनेर नामाङ्करण गरेको थियो। ती विभिन्न पवित्र रितिले मानिसहरूको हृदयमा परमेश्वरको अनुग्रहले काम गर्न सहायता गर्दछन् भनेर तत्कालिन इसाईहरूले विश्वास गर्दथे।

अनि पाश्चात्य सभ्यताको शुधारबादी युगमा ती पवित्र रिति वा साक्रमेन्टहरू आलोचनाका विषय हुन पुगेको थियो। चर्चले संचालन गरेका ती रिति वा साक्रमेन्टहरू दागी र दुरूपयोग भएको त्यस बेलाका

धेरै विश्वासीहरूले महशुस गर्न थाले। त्यसकारण चर्चमा चलाइने ती रितिहरूलाई नयाँ नामले सम्वोधन गर्नुपर्न आवश्यकता देख्न थाले। नयाँ शव्द अर्डिनान्स **ordinance** वा अध्यादेश वा ख्रीष्टको आदेश भनेर ती रितिहरूलाई सम्वोधन गर्न थाले। अर्डिनान्सको अर्थ अभिषेक वा नियुक्त हो। ख्रीष्ट आफैले स्थापना गर्नुभएको र आशिष दिनुभएको चलनलाई अर्डिनान्स वा आदेश भनेर सम्वोधन गरिन्दा ती रितिलाई विशेष रिति भनेर मानिसहरूले मान्न थालेका थिए। येशूप्रति हाम्रो आज्ञाकारिता र बफादारिता देखाउन परमेश्वर आफैले नै हाम्रो निम्ति नियुक्त गर्नुभएको चलनलाई अर्डिनान्स वा आदेश भनेर सम्वोधन गर्नु साक्रमेन्ट शव्द भन्दा फरक भएको विश्वासीहरूले देखिन थालेका थिए। बप्तिस्मा लिनु, नम्रताको विधि अर्थात् एक आपसको खुट्टा धुनु र प्रभुभोजलाई अर्डिनान्स अर्थात् येशूको आदेश भनेर सेभेन्थ-डे एडभेन्टिस्टहरूले देखेकाछन्। ती कामहरूले हामी ख्रीष्टका भक्त हौं र उहाँप्रति हाम्रो बफादारिता अटल छ भनेर प्रमाणित गर्दछ।

मत्ती २८:१९, २०, यूहन्ना १३:१४ र १ कोरन्थी ११:२३-२६ पढ्नुहोस्। ती पदहरूमा उल्लेख गरेका पवित्र कामहरू येशूका आदेश हुन् भनेर कत्तिको समर्थन गर्दछ?

ती विधिहरू महत्त्वपूर्ण छन् भनेर हामीलाई थाहा छ। तर ती विधिहरू पालन गर्दा हामीले मुक्ति पाउँछौं भनेर तिनीहरूलाई मोक्ष दिने रितिथितिको रूपमा लिनुहुन्न। ती विधिहरू अनुग्रह प्रदान गर्ने विधि होइन भनेर हामीले हरदम सम्झनु पर्दछ। कतिपयले ती विधिहरू पालन गर्दा मुक्ति पाउँछ भनेर मानेको पनि पाउँछौं। ख्रीष्ट आफैले सुरू गर्नुभएको परम्परा भएतापनि हाम्रो पापलाई कुनै विधि वा संस्कारले मेट्न सक्दैन। पाप अत्यन्त गम्भिर छ। कुनै पनि इसाई संस्कारले धुन सक्दैन। हाम्रो गम्भिर पापको केवल क्रुसमा मर्नुभएको ख्रीष्टले मात्र तिर्न सक्नुहुन्छ। पापबाट मुक्ति पाउन क्रुसमा उहाँको मृत्यु काफी छ। येशूले खटाउनुभएको परम्परा वा आदेशहरू केवल प्रतिकमात्र हुन् जसले ख्रीष्टप्रति हाम्रो एकवद्धता जनाउँछन् र उहाँको बलिदानलाई हामीले सराहना गर्दछौं भनेर सार्वजनिक रूपमा देखाउँदछौं। ख्रीष्टप्रति एकता

जनाउने भएकोले ती विधिहरूको उद्देष्य राम्ररी पूरा भएको भनि हामी मान्दछौं। ती विधिहरू केवल उपाय मात्र हुन् तर हाम्रो मुक्ति दिने अन्तिम लक्ष्य होइन। अर्थात् स्पष्ट रूपमा भन्ने हो भने चर्चले अपनाएका बप्तिस्मा दिने, खुट्टा धुने र प्रभुभोजको रितिले ख्रीष्ट हाम्रो सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ भनेर देखाउन सहायता गर्दछ।

## २. बप्तिस्मा (रोमी ६:३-८)

बप्तिस्माको अर्थ असली रूपमा बुझाउन नयाँ करारले धेरै प्रतिकहरू प्रयोग गरेको पाइन्छ। प्रथमतः, आत्मिक रूपमा हामी ख्रीष्टसँग बिलाएका छौं भनेर पावलले रोमी ६:४-८मा देखाउँदछ। बप्तिस्माले ख्रीष्टसँग एक भएका छौं भनेर देखाउँदछ। ख्रीष्टको महान् वेदनामा, मृत्युमा र पुनरुत्थानमा हामी सहभागी भएका छौं भनेर हाम्रो बप्तिस्माले जनाउँदछ। हामीहरूको जीवनशैलीमा परिवर्तन भएको छ भनेर सार्वजनिक रूपमा बप्तिस्माले घोषणा गर्दछ। त्यस हिसाबमा बप्तिस्माले देहायका कुराहरूसँग आवद्ध भएको देखाउँदछः (१) पश्चाताप गरि हामी पापबाट फर्केका छौं र परमेश्वरले हाम्रा पापहरूलाई क्षमा गर्नु भयो भनेर हामीलाई यकिन भएको छ (प्रेरित २:३८), (२) हामीले पुनर्जन्मको अनुभव अहिले नै गरेकाछौं र पवित्र आत्माको बदानले हामीलाई विभुषित गरेको छ (१ कोरन्थी १२:१३), र (३) चर्चको सतसङ्गमा सहभागी भएर विश्व चर्चको परिवारको सदस्य भएका छौं (प्रेरित २:४१, ४७) (रूपान्तरित अनुवाद)।

ख्रीष्टद्वारा हामी परमपिता सनातनका परमेश्वरसँगको आत्मिक संवन्ध जोडेका छौं र बप्तिस्माले त्यो सम्वन्ध जोडेको हुन्छ भन्ने प्रतिज्ञालाई पूरा गराउँदछ। पुरानो करारमा यहूदी जाति छुट्याउन गरिने खतना (पुरूषको नसछेदन)को प्रथालाई बप्तिस्माले प्रतिस्थापित गरेको छ। अर्थात् खतनाले परमेश्वरको करारमा हिंडेको देखाउँछ भने बप्तिस्माले ख्रीष्टको करारमा हिंडेकाछौं भनेर देखाउँदछ। हामीहरूको आदर्श ख्रीष्ट हुनुहुन्छ, हामीहरू उहाँका भक्त हौं र उहाँको निर्देशनमा चल्दछौं भनेर बप्तिस्माले प्रमाणित गर्दछ। अर्थात् हामीहरूको सच्चा

बफादारितामा कसरी परिवर्तन भएको छ भनेर बप्तिस्मा प्रथाले देखाउँदछ। ख्रीष्टको सेवाकार्यमा समर्पित समाजका सदस्य बनाउने काम बप्तिस्माको काम हो। बप्तिस्माको समयमा उपलव्ध हुने पवित्र आत्माले चर्चको सेवामा सम्मिलित गराउँदछ र विश्वासद्वारा मुक्ति नपाएकाहरूको निम्ति काम गर्न बप्तिस्माले सघाउँछ (प्रेरित १:५,८)।

बिलायतको चर्च अफ इग्लाण्ड वा आँग्लिकन चर्चका समितीले सामूहिक रूपमा बप्तिस्मा, कनफरमेशन अर्थात् बालक युवाअवस्थामा पुगेको देखाउने चर्चको रिति र प्रभु भोज अर्थात् होली कम्युनियनको बारेमा अचम्मको प्रस्ताव स्विकार गरेका थिए। त्यस प्रस्तावमा यसरी लेखिएको छ, "बप्तिस्मा लिने व्यक्ति प्रायजसो हुर्केको वा वयस्कहरू हुन् दुधे बालकहरू होइन। भर्खर जन्मेका दुधे बालकको वप्तिस्मा हुनुपर्छ भन्ने निर्देशन नयाँ करारमा पाइन्दैन भनेर हामी स्विकार गर्दछौं।" *बप्तिजम एण्ड कन्फरमेशन टुडे* (लण्डनः एससिएम, १९५५), पृ, ३४बाट रूपान्तरित। मीलार्ड जे. इरिक्सनले आफ्नो पुस्तक क्रिस्टियन थियोलोजी (मीशिगनः बेकर बुक हाउस, १९८८), पृ. ११०२मा उपरोक्त वक्तव्यलाई उदृध गरेका थिए। यसको अर्थ बालकहरूलाई बप्तिस्मा दिनु मनासिव होइन भन्ने बप्तिस्माको खास शिक्षाले बताउँदछ। बप्तिस्मा लिन चाहनेले विश्वास भनेको के हो र पापबाट फर्कनु वा पश्चाताप गर्नु भनेको के हो भन्ने ज्ञान हुनु पर्दछ। पश्चातापको आत्मज्ञान हुन बाइबल अध्ययन गर्नुपर्छ भनेर रोमी १०:१७ले देखाउँदछ। ख्रीष्टसँग एक हुँदा पश्चाताप गर्ने फल पाउन योग्य (लूका ३:८) भएको प्रमाण हुन्छ। तर त्यो प्रमाण कसरी प्राप्त हुन्छ भन्दा विश्वास र बाइबल अध्ययनद्वारा हुन्छ।

येशूको आदेश (अर्डिनान्स) र पवित्र विधि (साक्रमेन्ट) भनेको के हो भन्ने भिन्नता बप्तिस्माले बुझाउन सहयोग गर्दछ। बप्तिस्मा पवित्र बिधि वा साक्रेमन्ट हो भनेर बुझ्ने व्यक्तिले बप्तिस्मा आफै आत्मिक पुनर्जन्म दिने प्रक्रिया हो भनेर विश्वास गर्दछ। यस्तो विश्वास गर्ने चर्च वा व्यक्तिको निम्ति उमेरसँग मतलब राखेको देखिन्दैन, किनभने बप्तिस्माको विधिले मानिसलाई स्वत आत्मिक परिवर्तन ल्याउँछ भनेर सिकाउँदछ।

तर येशूको आदेश भनेर पालन गर्ने व्यक्तिले बप्तिस्मा भनेको गहिरो सत्यको प्रतिक हो भनेर बुझेको हुन्छ। येशूलाई विश्वास गरेर वा अनुभव गरेर जीवन परिवर्तन भएको छ भनेर सच्चा बप्तिस्माको शिक्षाले देखाउँदछ। अर्थात् बप्तिस्मा पछि मात्र होइन बप्तिस्मा अघि नै बप्तिस्मा लिने उम्मेदवारले आफ्नो जीवन ख्रीष्टले परिवर्तन गर्नुभएको छ भनेर देखाउनुपर्दछ। वप्तिस्मा लिनु भन्दा पहिले त्यस व्यक्तिले ख्रीष्टमा विश्वासको अनुभव गरेको हुनुपर्दछ। त्यसले गर्दा कसले र कहिले बप्तिस्मा लियो भन्ने प्रश्न अत्यन्त महत्त्वपूर्ण हुनु आउँछ।

यदि तपाईं बप्तिस्मा लिइसक्नुभएको छ भने आफ्नो अनुभवलाई पछाडि फर्केर हेर्नुहोस्। यसको अर्थ तपाईंले बुझ्नु भएको छ भने हामी दिन दिनै बप्तिस्मा लिनु पर्दछ भनेर किन सोच्ने? त्यो प्रक्रिया कसरी हुन्छ?

## ३. नम्रताको विधि (लूका २२:२४-२७)

येशूको हृदयमा कस्तो बेदनाले सताइरहेको थियो सो हामीले कल्पना गर्द सक्दैनौं। रोमी साम्राज्यले चलाएको क्रुसमा अपराधीलाई ताँग्ने तत्कालिन निष्ठुर सजायँमा आफू सहभागी हुने कुरामा येशूलाई थाहा थियो। येशूको वेदनामा संवेदनशील नभएर एक आपसमा तँछाडमछाड गर्दै को ठूलो हुने भनेर झगडा भइरहेको उहाँलाई थाहा थियो। आआफ्नो भाउ खोज्ने प्रक्रियामा एक आपसमा डाह र ईखको भुमरीमा ती चेलाहरू परिरहेको पनि उहाँलाई थाहा थियो।

लूका २२:२४-२७ पढ्नुहोस् यहि सन्दर्भमा मत्ती १८:१ र मत्ती २०:२१ पनि पढ्नुहोस्। अति आवश्यक र महत्त्वपूर्ण सत्य ती चेलाहरूले अझै के सिकेका थिएनन्?

पापले गर्दा हाम्रो संसार अति बतारिएको छ। यस सुन्दर संसारलाई पापले गर्दा परिवर्तन गरि सबै कुरा उल्टोपाल्टो भएको छ। सेवा पाउनु पर्ने व्यक्तिले सेवा गर्नु भनेको यस संसारको रितिको उल्टो कुरो हो। संसारको दृष्टिकोणमा ठिक दिमाग भएको व्यक्तिले यस्तो काम गर्दैन। संसारमा सफलता पाउनु भनेकै के सम्पन्नतामा अघि बढ्नु होइन

र? धनी हुनु, मान पाउनु, प्रख्यात व्यक्ति हुनु यस संसारको नियम होइन र? को नोकर हुन चाहन्छ र? तर भाउ खोज्ने नियत नभएको येशूले अन्तिम भोजमा चेलाहरूको खुट्टा धुनु अचम्मको कुरो होइन। सत्य महानताको परिभाषा दिन कुनै शव्दहरूले नपुग्ने भएकोले त्यसलाई यथार्थमा पुऱ्याउन येशूले आफ्ना चेलाहरूको खुट्टा धोएर म्वाइ खानु भएको थियो।

प्रभु भोजको समयमा खुट्टा धुने चलन येशूले स्थापना गर्नुभएको प्रमाण यूहन्ना १३:१-१७ले हामीलाई कसरी देखाउँदछ?

उपरोक्त पदहरूमा सत्यका धेरै गाथाहरू बजेको हामी पाउँछौं। परम पिता परमेश्वरले सबै थोक येशूको हातमा सुम्पनु भएको थियो भनेर उहाँलाई थाहा थियो। त्यो सत्य पद ३ले बताउँदछ। अनि अर्को के हुन्छ त? आफू परमेश्वरबाट आएको र परमेश्वरकहाँ नै फर्कने कुरामा येशूलाई राम्ररी थाहा थियो। यद्यपि आफूले पाउनु पर्ने भाऊलाई पन्छाएर आखिरी भोजबाट उठेर चेलाहरूको खुट्टा धुन लाग्नु भयो (पद ५)। साँच्चिकै येशू को हुनुहुन्छ भनेर थाहा नभएतापनि उहाँको त्यो चर्तिकलाले तिनीहरूलाई स्तम्भित पारेको थियो। येशूले के सिकाउनु खोज्नुभएको थियो सो सिक्न तिनीहरू किन असफल भए?

याद गर्नुहोस्, खुट्टा धुने विधि प्रभु भोज भन्दा पहिले भएको थियो। ख्रीष्टले हाम्रो निम्ति गर्नु भएको सबै थोकलाई दावी गर्नु भन्दा पहिले विनम्र भएर र झुकिएर प्रभु भोजमा समावेश हुनुपर्दछ भन्ने आत्मज्ञान पाउनु अत्यन्त महत्त्वपूर्ण मान्नु पर्दछ। त्यस विधिमा सहभागी हुनु भनेको परमेश्वरको अनुग्रहको आवश्यकताको महशुस गर्नु हो।

कस्को खुट्टा तपाईंले धुनुभयो भने तपाईंको आत्मिक जीवन स्वस्थ हुन सघाउँछ होला?

## ४. प्रभु भोज (मत्ती २६:२६-२८)

मत्ती २६:२६-२८ पढ्नुहोस्। येशूले यहाँ स्पष्ट रूपमा हामीलाई के निर्देशन दिइरहनुभएको छ? रोटी र कचौरा प्रतिकको रूपमा लिनु किन जरुरी छ?

पुरानो करार अर्थात् पौराणिक समयमा इस्रायलीहरूमा चलिएको निस्तार चाडको ठाँउमा येशूले प्रभु भोज स्थापना गर्नु भएको थियो। (अहिले पनि यहूदीहरूले केहि हदमा त्यस निस्तार चाड मनाउँदछन्। इस्रायलीहरू इजिप्तबाट बाहिरिने बेलामा पाठोलाई मारेर त्यसको रगत इस्रायलीहरूका ढोकाहरूमा छर्किएका थिए। रगत छर्किएको ढोकामा मृत्युको दूत पसेको थिएन। त्यसैको सम्झनामा निस्तार चाडको परम्परा सुरू भएको थियो। अङ्ग्रेजीमा त्यसलाई पास ओभर भनिन्छ)। निस्तार चाडको पाठोको प्रतिक ख्रीष्टले जब आफ्नो जीवन हाम्रो निम्ति क्रुसमा अर्पण गर्नु भयो तब त्यस चाडको अस्तित्व समाप्त भएको थियो। ख्रीष्ट मर्नु भन्दा पहिले नै उहाँले त्यस चाडमा परिवर्तन ल्याउनुभएको थियो। येशूले निस्तार चाडको सट्टामा महान् चाड प्रभु भोज स्थापना गरि नयाँ बाचाको रूपमा नयाँ करारको चर्चलाई सुम्पनु भएको थियो। जसरी निस्तरा चाडले इस्रायलीहरूलाई इजिप्तको दासत्वबाट स्वतन्त्र गराएको सम्झना गराउँछ, त्यसरी नै प्रभु भोजले विश्वासीहरूलाई आत्मिक इजिप्त अर्थात् पापको दासत्वबाट छुट्कारा पाइएको सम्झना गराउँछ।

निस्तार चाडमा बलि दिएको थुमाको रगत इस्रायलीहरूको ढोकामा छर्किन्दा मृत्युबाट तिनीहरूलाई सुरक्षित राखेको थियो। त्यसबेला तिनीहरूले खाएको रोटीले इजिप्तबाट भाग्न शक्ति मिलेको थियो (प्रस्थान १२:३-९)। ख्रीष्टको बलिदानले मृत्युबाट हामीलाई स्वतन्त्र बनाउँछ। उहाँको शरीर खान्दा र रगत पिउँदा विश्वासीले मुक्ति पाउँछ (यूहन्ना ६:५४)। उहाँको शरीरलाई शङ्केत गर्ने रोटी र रगतलाई शङ्केत गर्ने कचौरामा राखिएको रसले क्रुसमा उहाँ मरी हामीलाई मुक्ति दिनुभयो, पापको क्षमा गर्नुभयो र पापमाथि विजय हुने प्रतिज्ञा दिनुभयो भनेर निरन्तररूपमा सम्झना गराउँछन्।

१ कोरन्थी ११:२४-२६ पढ्नुहोस्। क्रुसको बारेमा अत्यन्त महत्त्वपूर्ण आत्मज्ञान ती पदहरूमा दिइएका छन्। ती के होला? ध्यान दिएर पढ्नुहोस्।

पापी मानिसको सट्टामा ख्रीष्ट मर्नुभयो भन्ने अति महत्त्वपूर्ण ज्ञान हामीलाई स्पष्ट रूपमा यहाँ देखाइएको छ। हाम्रो निम्ति उहाँको शरीर

टुक्रिएको थियो। हाम्रो निम्ति उहाँले आफ्नो रगत बगाउनु भएको थियो। हामीले भोग्नु पर्ने सजायँ उहाँले क्रुसमा भोग्न तयार हुनुभएको थियो। प्रत्येक पल्ट जब हामी प्रभु भोजमा भाग लिन्छौं तब ख्रीष्टले हाम्रो निम्ति के गर्नुभयो भनेर हामीले सम्झनु पर्दछ।

जब तपाईं प्रभु भोजमा भाग लिनु हुन्छ तब नम्रताको विधि अर्थात् एक आपसको खुट्टा धुने चलनलाई पनि सम्झनु पर्दछ। (परमेश्वरको सामु हामी एक हौं र एक आपसमा मनमुताव र भाऊ खोज्ने नियतबाट हामी स्वतन्त्र छौं) भन्दै एक आपसको खुट्टा धुन्धा हामीलाई नम्र बनाएर हाम्रो हृदय सचमुच रूपमा प्रभु भोज खान योग्य बनाउँदछ। गहिरो सत्य लुकेको त्यस बिधिले परमेश्वर र विश्वासी मित्रहरूसँग हाम्रो सम्वन्ध गाढा भएको देखाउँदछ। जब रोटी र अङ्गुरको रस लिन्छौं तब हाम्रो दिमाग क्रुसमा मध्य नजर गरिरहनुपर्दछ। हामी सबै जना पापी छौं र हामीलाई परमेश्वरको अनुग्रहको निरन्तर आवश्यकता छ भनेर ती विधिले हामीलाई बुझाउनु पर्दछ। प्रभुप्रति मात्र होइन एक आपसप्रति पनि हाम्रो उत्तरदायित्व के हो भनेर प्रभु भोजको विधिले देखाउँछ भनेर हामी बुझ्नुपर्दछ।

## ५. दोस्रो आगमनको प्रतिक्षामा (१ कोरन्थी ११:२६)

१ कोरन्थी ११:२६मा हामीलाई दिएको महान् आशा यस प्रकारको छः "जहिले जहिले तिमीहरूले यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौं, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ।"

दोस्रो आगमन र प्रभु भोजको सन्देशको बीचमा कस्तो घनिष्ट सम्वन्ध रहेछ भनेर पावलले व्यक्ति गरेका माथिका पदले छर्लङ्ग पार्दछ। क्रुसमा के भयो त्यसले नै दोस्रो आगमनको महान् लक्ष्यलाई तय गर्छ। त्यसले गर्दा पावलको भनाइ अत्यन्त मनासिब भएको देखिन्छ। दोस्रो आगमन नै पहिलो आगमनको कारण हो भनेर तर्क गर्न सकिन्छ। बेथलहेममा भएको प्रथम आगमनले दोस्रो आगमनको ढोका खुलाएको थियो।

इसाई दिक्षाको यथार्थमा वाख्या गर्ने हो भने दोस्रो आगमन बिना पहिलो आगमनको औचित्य के छ र?

**साँच्चै भन्ने हो भने, प्रभु भोजको विधि क्रुस र दोस्रो आगमनको बीचमा पुल हो। प्रत्येक चोटि जब हामी प्रभु भोजमा भाग लिन्छौं तबर हामी क्रुसको बारेमा सोच्न लगाउँछ र त्यसले हामीलाई के गर्‍यो भनेर सोचमा पार्दछ। तर हाम्रो निम्ति के गरियो भन्ने सन्देश दोस्रो आगमनबाट अलग गरिन सक्दैन। अझ स्पष्ट बोलीमा भन्ने हो भने दोस्रो आगमन विना क्रुसमा हाम्रो निम्ति देखाएको महान् लक्ष्य पुरा हुन सक्दैन।**

मत्ती २६:२९मा येशूले यसरी व्यक्त गर्नु भएको छः “तर म तिमीहरूलाई भन्दछु, दाखको यस फलबाट रस म पिउँनेछैन जबसम्म आफ्ना पिताको राज्यमा तिमीहरूसँग नयाँ गरि पिउँदिन।" एउटै पदमा येशूले व्यक्त गर्नु भएको आश्वासनलाई तपाईं के भन्नुहुन्छ?

**येशूले यहाँ दिनुभएको वाचा र प्रतिज्ञालाई गम्भिररूपमा सोच्नुहोस्। मुक्ति पाएका र मुक्तिदाताको बीचमा अनन्तसम्म कत्तिको घनिष्ट सम्वन्ध रहेछ येशूको आफ्नै वचनले हामीलाई बताउँदछ। अनन्त राज्यमा हामीसँग नहुँञ्जेल दाखको नयाँ रस पिउने छैन भनेर येशू आफैले वाचा बाँध्नु भएको छ। उहाँ को हुनुहुन्छ, के तपाईंलाई थाहा छ? उहाँ सारा जगतका सृष्टिकर्ता आफै हुनुहुन्छ (कलस्सकी १:१६)! त्यसले गर्दा उहाँको प्रतिज्ञा झन अचम्मको मान्नुपर्दछ। कत्तिसम्मको सत्यतालाई औंल्याउँछ भनेर प्रभु भोजले देखाउँदछ। येशूको दोस्रो आगमनको महान् आशालाई औंल्याउने प्रभु भोजको विधिलाई हृदय भित्र गाभेर राख्नु सबै येशू भक्तको धर्म हो।**

हतास निराशको भुमरीमा परिरहनुभएको छ? के तपाईं खिन्न, उदास र दविनु भएको छ? पापी संसारमा तपाईंलाई स्वागत छ? क्रुसमा आँखा जुधाएर राख्नु किन जरुरी छ? वर्तमान जीवनमै तपाईंको निम्ति क्रुस के हो? भविष्यको अनन्त राज्यमा आँखालाई गाडेर राख्नुको अर्थ के हो?

**उपसंहारः**

थप जानकारीः *सेभेन्थ-डे एडभेन्टिस्टस् बेलिभ* (ब्वाइज, आइडाहोः पासिफिक प्रेस पब्लिशिङ्ग आसोशियशन, २००५)को अध्याय १५-१८मा यस अध्यायमा उल्लेखित विषय वस्तुलाई अझ वाख्या गरेको तपाईं पाउनु हुन्छ।

"येशूले अन्हाउनु भएको विधि बप्तिस्मा अत्यन्त पवित्र र महत्त्वपूर्ण छ। त्यसकारण बप्तिस्माको पूरा अर्थ के हो सो जानकारी लिन अति आवश्यक छ। यसको अर्थ पापबाट पश्चाताप गर्नु र येशूमा नयाँ जीवन बिताउनु हो। पवित्र वा येशू भक्तको जीवन के हो भनेर राम्रोसँग पहिला नबुझी बप्तिस्माको आदेश पालन गर्न हतारिनु पर्दैन। येशूले के मोल तिर्नुभयो भनेर दुवै आमाबाबु र केटाकेटीले राम्रोसँग बुझुन्।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ६, पृ. ९३बाट रूपान्तरित।

" निस्तार चाडलाई पछाडि फर्केर हेर्दा इस्रायलका सन्तान कसरी स्वतन्त्र भयो भनेर औंल्याउँछ। यसले ख्रीष्टतिर पनि अगाडि औंल्याउँछ, जो पापी मानिसहरूको निम्ति मर्नु भएको परमेश्वरको थुमा थियो। इस्रायलीहरूको ढोकामा रगत छर्कनुको अर्थ ख्रीष्टको रगतले मानिसलाई शुध्द पार्छ भनेर देखाएको थियो। पापी मानिसहरू सैतानको पासोबाट सुरक्षित हुन ख्रीष्टको रगतमा भर पर्नु पर्दछ र मुक्तिको अन्तिम कार्य उहाँले नै सम्पन्न गर्नुहुनेछ भनेर त्यस रगतले देखाउँदछ।"-एलेन जी ह्वाइट, द *स्पिरित अभ प्रोफेसी,* ठेली १, पृ. २०१बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. पछिल्लो पल्ट तपाईं कस्को खुट्टा धुनुभयो? यो विधि किन जरुरी छ?

आ. १ पत्रुस ३:२०,२१ पढनुहोस्। पत्रुसले बप्तिस्मालाई केसँग तुलना गर्दछन्? त्यसले हामीलाई वप्तिस्माको अर्थ झन कसरी खुलाउँछ?

इ. प्रारम्भिक समयमा इसाईहरूलाई धेरै दोष लगाइएको थियो। ती दोषहरूसँग तिनीहरूको कुनै सम्वन्ध थिएन। “ए, यिनीहरू त मरेका मानिसहरूको शरीर पो खान्द रहेछ।" भन्ने जस्ता निराधार आरोपहरू प्रथम शताव्धीका इसाईहरूलाई लगाएका थिए। हुन त ती आरोप चेलाहरूलाई येशूको यस वचनमा लिएर लगाएका थिएः “तिमीहरूलाई मैले जे भन्न गइरहेको छु सो सत्य हो। तिमीहरूले मानिसको पुत्रको शरीर खानु पर्दछ र उनको रगत पिउनु पर्दछ। यदि तिमीहरूले त्यो गरेनौ भने तिमीहरूमा अनन्त जीवन हुँदैन। जो मानिस मेरो शरीर खान्छ र मेरो रगत पिउँछ त्यसमा अनन्त जीवन हुनेछ। अन्तिम युगमा मैले उसलाई बौरिउठाउने छु। मेरो शरीर साँच्चिकै खाना हो। मेरो रगत साँच्चिकै पिउने कुरो हो। जो मानिस मेरो शरीर खान्छ र मेरो रगत पिउँछ त्यो व्यक्ति ममा रहिरन्छ र म उसमा रहिरहन्छु (अर्थात् ऊ ममा बिलाउँछ र म उसमा बिलाउँछु।" (यूहन्ना ६:५३-५६ रूपान्तरित)। येशूले व्यक्त गर्नु भएको त्यस अभिव्यक्तिको अर्थ के हो? उहाँले हामीलाई के सिकाउन खोज्नु भएको छ? त्यस्ता पदहरूको आत्मिक अर्थ बुझ्नु हामीलाई किन जरुरी छ?

ई. विश्वासीहरूको सतसङ्गमा प्रभु भोजको बारेमा विस्तृत रूपमा छलफल गर्नुहोस्। प्रभु भोज र नम्रताको विधिले एक आपस र समाजमा हाम्रो जिम्मेवारी के रहेछ भनेर राम्रोसँग बुझाउन कसरी सहायता गर्दछन्?